अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मिति: २०७६।०८।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर ।

-----------------------------------------

मालपोत कार्यालय काभ्रेपलाञ्चोकका नायव सुब्बा रोसकाजी जस्पाउले खरिद बिक्री भएको जग्गाको राजस्व र लाभकरसमेत दाखिला गरी जग्गाधनी प्रमाण पूर्जा लिने प्रयोजनका लागि मालपोत कार्यालय गएका सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज नायब सुब्बा रोसकाजी जस्पाउलाई रु. २०,०००।–(बीस हजार) लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो।

अनुसन्धानको सिलसिलामा मालपोत कार्यालय काभ्रेपलाञ्चोकका नायव सुब्बा रोसकाजी जस्पाउले खरिद बिक्री भएको जग्गाधनी प्रमाणपूर्जा लिने प्रयोजनको लागि गएका सेवाग्राहीलाई राजस्व, लाभकर संकलन एवं लिखत पारित लगायतको काम गरेको भनी नियमानुसार गरिसकेको कामको लागि विभिन्न वरबहाना बनाई घुस रकम माग गरी अप्ठेरोमा पारी घुस दिन बाध्य बनाई सेवाग्राहीबाट घुस/रिसवतवापतको रु. २०,०००।–(बीस हजार) लिएको, निज राष्ट्रसेवक कर्मचारीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु. २०,०००।–कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी